# महावै राजपत्र


## महावै गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ८ संख्या १ मिति २०८१ गते**


**भाग १**

**महावै गाउँ कार्यपालिकाको कार्यालय**

महावै गाउँ सभाले बनाएको तल उल्लेखित ऐन कर्णाली प्रदेशको गाउँ सभा नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ उपदफा (५) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

**संवत् २०८१ सालको ऐन नं १**

## महावै गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन, २०८१

**प्रस्तावना**: महावै गाउँपालिकाका प्रत्येक नागरिकको खानेपानी, सरसफाइ र स्वच्छतामा समान पहुँचको सम्मान, संरक्षण परिपूर्ति गरी सुरक्षित, गुणस्तरीय, दिगो, भरपर्दो, र नियमित खानेपानी, सरसफाइ तथा स्वच्छताको सेवालाई सहज रुपमा उपलब्ध गराउन आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, **नेपालको संविधानको धारा २२६** बमोजिम **महावै** गाउँ सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८१ रहेको छ ।

(२) यो ऐन महावै गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमति-पत्र" भन्नाले दफा १७ बमोजिमको अनुमति-पत्र सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्छ ।

(ग)"आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्छ ।

(घ)"उपभोक्ता" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग गर्ने व्यक्ति, संस्था, प्रतिष्ठान वा निकाय सम्झनु पर्छ ।

(ङ)"उपभोक्ता संस्था" भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि सामुदायिक रुपमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्छ ।

(च)"कार्यपालिका" भन्नाले महावै गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(छ) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ति गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलव्ध गराउने कार्य समेतलाई जनाउँछ ।

(ज) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ ।

(झ) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्यक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ ।

(ञ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको

नियममा तोकिएको वा तोकि एबमोजिम सम्झनु पर्छ ।

(ट) गाउँपालिका भन्नाले "महावै" गाउँपालिका सम्झनु पर्छ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महावै गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ड) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, प्लास्टिकजन्य फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र गाउँपालिकाले समय समयमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ ।

(ढ)"सरसफाइ सेवा" भन्नाले फोहोरपानी व्यवस्थापन, मानव मलमूत्रीय फोहोर व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली, घरेलु तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्य समेतलाई जनाउँछ ।

(ण) "समन्वय समिति" भन्नाले दफा ७ बमोजिमको गाउँपालिकाका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति सम्झनु पर्छ र सो शब्दले वडा/ टोल स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति समेतलाई जनाउँछ ।

(त)"स्वच्छता" भन्नाले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, नियमित रुपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्तिगत सरसफाइ कायम गर्ने र घर भित्र र बाहिरका तरल र ठोस फोहोर मैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँछ ।

(थ) "सुरक्षित खानेपानी" भन्नाले सामान्यतया राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ ले तोकेको मापदण्ड पुरा गर्न सक्ने खानेपानी सम्झनु पर्छ र सो शब्दले हालको अवस्थामा धमिलोपानी, मानव स्वास्थ्य सँग सम्बन्धित आर्सेनिक तथा अन्य हानिकारक प्रदुषकको सघन सिमा मापदण्ड भित्र रहेको र इ-कोलि नभएको वा वितरण प्रणालिको अन्तिम प्रयोग विन्दुमा क्लोरिनको अवशेष मापदण्ड भित्र रहेको खानेपानी समेतलाई जनाउँछ ।

(द) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(ध) "संगठित संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, कम्पनी सहकारी

संस्था सम्झनुपर्छ र सो शब्दले यस ऐन वा प्रचलित कानुन बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था, समिति, वा निकाय समेतलाई जनाउँछ ।

## परिच्छेद २

## खानेपानी, सरसफाइ तथा स्वच्छताको अधिकार र कर्तव्य

३. **स्वच्छ खानेपानी तथा सरसफाइको पहुँचको अधिकार** : ((१) प्रत्येक गाउँपालिकावासीलाई बिना भेदभाव स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार हुनेछ र यस ऐन तथा प्रचलित कानून बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्बर्धन, कार्यान्वयन र परिपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत प्रत्येक गाउँपालिकावासीलाई देहायको अधिकार हुनेछः

(क) स्वच्छ खानेपानी तथा सरसफाइमा भेदभाव रहित नियमित रुपमा सहज र सुलभ पहुँचको अधिकार,

(ख) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(ग) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रुपमा पहुँचको अधिकार

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्बर्धन, कार्यान्वयन र परिपूर्ति गर्ने जिम्मेवारी पारस्परिक समन्वयमा नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका र सम्बन्धित खानेपानी, तथा सरसफाइ उपभोक्ता संस्थाको हुनेछ ।

(४) उपदफा (१) बमोजिम अधिकारको सम्मान, संरक्षण, सम्वर्धन, परिपुर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी संघीय तथा प्रदेश सरकार र विभिन्न विकास साझेदारहरुसँगको समन्वय र सहकार्यमा गाउँपालिकाको हुनेछ ।

४. **पानीको स्रोत सदुपयोग र विकासको अधिकार:** (१) नेपालको संविधान , यस ऐन तथा प्रचलित कानूनको अधिनमा रहि पानीको स्रोतको उपयोग , विकास , संरक्षण , र व्यवस्थापनको अधिकार गाउँपालिकाको हुनेछ । ।

(२) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्दा कुनै व्यक्ति तथा समुदाय, विद्यालय, अस्पताल, मठमन्दिर, धार्मिक स्थल जस्ता सामाजिक संस्थाका लागि उपलब्ध भएको खानेपानी सेवा अर्को वैकल्पिक व्यवस्था नभए सम्म उक्त स्रोतको सदुपयोग गर्ने हकसम्बन्धित व्यक्ति, समुदाय र सामाजिक संस्थामा सुरक्षित रहनेछ ।

(३) पानीको स्रोतको सदुपयोग गर्न गाउँपालिकाले जल उपयोग गुरुयोजना बनाई कार्यान्वयन गर्नेछ ।

५. **खानेपानी स्रोत तथा मुहानको संरक्षण , सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धमा गाउँपालिकाको जिम्मेवारी पानीको:** (१) गाउँपालिकाले पानीका स्रोत तथा मुहानको संरक्षणका लागि देहायका कार्यहरु गर्नेछ ।

(क) पानीको स्रोत संरक्षणका क्रियाकलापहरुलाई दिगो हिसावले सञ्चालन गर्न , र पानीको माथिल्लो तह मुहान सफा राख्न वातावरणीय सेवा भुक्तानीको अवधारणलाई कार्यान्वयन गर्ने, गराउने,

(ख) जलाधार, नदी, ताल, तलाउ पोखरी, सिमसार जस्ता खानेपानीको स्रोत र खानेपानीको मूल वा मुहान, भूमिगत पानीलाई दिगो बनाई राख्न उपयुक्त उपाय अवलम्बन गर्ने र नियमित रुपमा मर्मत सम्भार र सरसफाइ गर्ने,

(ग) भूमिगत पानी लगायत खानेपानीको स्रोतलाई प्रदुषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(घ) खानेपानीको संरक्षण र दिगो उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित पक्षहरुलाई सचेतना अभिवृद्धि गर्ने,

(ङ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल, बहाव क्षेत्र, बहाव प्रणालीमा वा भूमिगत पानीको स्रोतको संरक्षणका लागि जैविक खेती गर्न र चरीचरण नियन्त्रण गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने,

(च) खानेपानीको स्रोत प्रदूषण हुन नदिन संकलन पोखरी बनाएर पानी जम्मा गर्ने, र सो पोखरीको बेलाबेलामा जाँच गर्ने

(छ) पानी सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयन गर्न उपभोक्ता संस्थालाई आर्थिक तथा

प्राविधिक सहयोग प्रदान गर्ने र वर्षमा कम्तिमा दुई पटक खानेपानीको आयोजना वा स्किमको पानीको गुणस्तरको परीक्षण, जाँच गर्ने, गराउने,

(ज) खानेपानीको मूहान, बहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्नेगरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने,

(झ) पानीको स्रोत र मुहानको प्रदुषण गर्न सक्ने ठोस वा लेदो फोहरमैला, माटो, ढुङ्गा, खरानी, मलमुत्र, रासायनिक फोहरमैला बिसर्जन, निष्कासन कार्य वा क्रियापलाप नगर्ने,

(ञ) सडक निर्माण लगायत भौतिक पुर्वाधार विकास निर्माणका कार्य गर्दा खानेपानी वा पानीको स्रोतमा कुनै किसमको नकारात्मक असर नआउने गरी वातावरणमैत्री रुपमा गर्ने,

(ट) मूलको नजिकैको क्षेत्र सुरक्षित पार्न चारैतिरबाट छेकबार लगाउन र चारैतिर ढल खनी भेलको पानी र फोहर पानी तर्काउने,

(ठ) पानीको मुहान जस्तैः कुवा, ईनार, मुल आदि पानीको स्रोत (नदी, खोला, ताल र पोखरी) र वर्षाको पानी संकलन भएको ठाउँमा गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नियमित निरीक्षण गर्ने र प्रदूषण भएको देखिएमा प्रदूषणको कारणलाई निर्मूल पार्ने तर्फ कार्य गर्ने,

(ड) खानेपानी, सरसफाई तथा स्वच्छता संरचना निर्माण गर्दा वालवालिका र अपाङ्गतामैत्रीका साथै उपभोगकर्तामैत्री खानेपानी तथा सरसफाइ संरचना निर्माण गर्ने र सेवा तथा सुबिधा प्रदान गर्ने,

(ढ) खानेपानी आयोजनाका लागि खानेपानीको स्रोत वा मुहानबाट पानी लग्दा त्यस्तो खानेपानीको स्रोत वा मुहानको तल्लो तटमा बसोवास गर्ने समुदाय, गाई बस्तु, जीवजन्तु तथा जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न नदिन खानेपानीको स्रोत वा मुहानको प्रवाहको कम्तिमा दश प्रतिशत न्यूनतम् वातावरणीय बहाव सुनिश्चित गर्ने,

(ण) भूमिगत जलश्रोतको अत्याधिक दोहनलाई नियन्त्रण गर्न आवश्यक मापदण्ड बनाई लागु गर्ने, गराउने

(त) उपभोक्ता संस्थाको पानीको स्रोत तथा मुहानको संरक्षण गर्ने, व्यवस्थापन गर्ने, नेतृत्व विकास तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण जस्ता विषयवस्तुमा क्षमता अभिबृद्धि तालिम, गोष्ठिको संचालन गर्ने गराउने, र उत्कृष्ट काम गर्ने उपभोक्ता संस्था तथा मर्मत सम्भार कार्यकर्तालाई प्रोत्साहन गर्न पुरस्कारको समेत व्यवस्था गर्ने,

(२) गाउँपालिकाले कुनै क्षेत्रलाई मुहान संरक्षण तथा जलाधार क्षेत्र घोषणा गरी सो क्षेत्रको संरक्षण र विकास गर्न सक्नेछ ।

(३) पानीको स्रोत संरक्षणका लागि एकीकृत जलस्रोतको अवधारणालाई प्रवर्धन गर्न गाउँपालिकाले गाउँपालिका स्तरमा समिति गठन गर्न र अन्तरपालिका स्तरीय समितिमा संलग्न रहि कार्य गर्न सक्नेछ ।

६. <u>**गाउँपालिकावासीको कर्तव्य**</u> **:** खानेपानीका स्रोत तथा मुहानको संरक्षण, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति, तथा खानेपानीको दिगो उपयोगमा योगदानका लागि प्रत्येक गाउँपालिकावासीको देहाय बमोजिमको कर्तव्य हुनेछ :—

(क) खानेपानीको स्रोत तथा मुहानको संरक्षण र दिगो उपयोग गर्ने

(ख) खानेपानीको स्रोतलाई प्रदुषण हुनबाट बचाउने, प्रदुषणको रोकथाम र नियन्त्रण गर्ने,

(ग) खानेपानीको स्रोत, पाइप, इन्टेक, जलाशय (रिजर्भायर), ट्यांकि तथा अन्य संरचनाको संरक्षण र सुरक्षा गर्ने,

(घ) खानेपानी र अन्य प्रयोगमा आउनसक्ने पानी खेर नफाल्ने र दिगो उपयोग गर्ने,

(ङ) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी तथा सरसफाइमा सहज र सुलभ रुपमा पहुँचमा लिङ्ग, जात, जातियता, धार्मिक

आस्थाको आधारमा कुनैपनि किसिमको विभेद नगर्ने,

(च) आफ्नो निजी घर कम्पाउण्ड, कार्यालय, पसल, उद्योग, कलकारखाना कम्पाउण्ड, वा परिसर भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैलामात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउने, घर आवास जस्ता नयाँ संरचना बनाउँदा गाउँपालिकाले पारित गरेको भवन संहिता बमोजिम मानव मलमूत्र संकलन र बिसर्जनको प्रबन्ध गर्न तोकिएको ढाँचामा शौचालय, सेप्टिक ट्यांकि आदि बनाएर सञ्चालन गर्ने,

(छ) यो ऐन लागू हुनुपूर्व बनेका शौचालय, सेप्टिक ट्यांकि आदि पुराना संरचनालाई स्तरोन्नति गरी यसै बमोजिमको ढाँचा र गुणस्तरको बनाउने र सञ्चालन गर्ने, खानेपानीको महसुल समयमा बुझाउने र सम्भव भए सम्म संञ्चालन तथा मर्मत सम्भार कोषमा वर्षेनी सक्दो योगदान दिने,

## (ज) परिच्छेद ३

## संस्थागत संरचनाहरु

७. **गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति** : (१) यस ऐनको कार्यान्वयनका लागि समन्वयात्मक भूमिका निर्वाह गर्न गाउँपालिकामा कार्यपालिकाले निर्णय गरे बमोजिमको समावेसी खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति बनाउन सकिनेछ र यसमा कम्तिमा ५०% महिला, जनजाति, दलित वा अल्पसंख्यकको प्रतिनिधित्व हुनुपर्नेछ :—

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) कार्यपालिका सदस्यहरू सबै -सदस्य

(घ) पुर्वाधार विकास शाखा प्रमुख -सदस्य

(ङ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत संघ संस्थाको एक जना प्रतिनिधि –सदस्य

(ज) गाउँपालिका भित्रका विद्यालयबाट एक जना महिला र एकजना पुरुष गरी २ जना शिक्षक -सदस्य

(झ) महिला स्वास्थ्य स्वयम् सेविका मध्ये एक जना — सदस्य

(ञ) गाउँपालिका स्तरीय वाल क्लवको प्रतिनिधि एक जना —सदस्य

(ट) अपांगता भएका व्यक्तिहरूबाट एक जना —सदस्य

(ठ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख एक जना सदस्य —सदस्य

(ढ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(ण) गाउँपालिकाको खानेपानी तथा सरसफाइ हेर्ने शाखा / ईकाइ प्रमुख –सदस्य सचिव

(त) समुदियक वनबाट एक जना सदस्य —सदस्य

(२) समितिको बैठकमा खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठक तथा निर्णय सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

८. **गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको काम, कर्तव्य र अधिकार** : स्थानीय तह स्तरीय खानेपानी र सरसफाइ समन्वय समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा गाउँपालिकालाई सुझाव दिने,

(ख) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयन, अनुगमनमा लैङ्गिक समानता तथा सामाजिक समावेशिता सुनिश्चित गर्ने,

(ग) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकुल संशोधन गर्नका लागि सुझाव पेश गर्ने,

(घ) स्थानीय तहका लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरुको मस्यौदा तयार गर्ने,

(ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाको निर्माण, प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(च) विभिन्न विकास साझेदारहरुसँग समन्वय गरी खानेपानी, सरसफाइ

तथा स्वच्छता योजना गुरुयोजनाको कार्यान्वयमा योगदान तथा सहयोग गर्ने,

(छ) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

९. <u>खानेपानी सरसफाइ तथा स्वच्छता शाखा वा इकाइः</u> (१) यस ऐन तथा ऐन अन्तर्गत बनेका नियम, कार्यीबिधि, मापदण्ड, निर्देशिका र योजनाको कार्यान्वयन गर्न गाउँपालिकाले आफ्नो संगठन संरचनामा खानेपानी सरसफाइ तथा स्वच्छता इकाई वा शाखा तोकी जिम्मेवारी प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम शाखा वा इकाईको भूमिका र जिम्मेवारी देहायबमोजिम हुनेछ ।

(क) बार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाइ स्वच्छता सम्बन्धी कार्यक्रमहरुको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन र समन्वय गर्ने ।

(ख) खानेपानी सरसफाइ स्वच्छता सम्बन्धी सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रकृयामा सहजीकरणको लागि समितिलाई सही सूचना उपलव्ध गराउने,

(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु गठन, दर्ता तथा नवीकरण सम्बन्धी कार्य गर्ने,

(घ) खानेपानी सरसफाइ स्वच्छता क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(ङ) खानेपानी सरसफाइ स्वच्छता समन्वय समितिको प्रशासनिक तथा अन्य अभिलेखीकरण सहित समितिको सचिवालयको कार्य गर्ने ।

(च) शाखा वा इकाईको अन्य जिम्मेवारी गाउँपालिकाको कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

१०. **<u>वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति:</u>** गाउँपालिकाले वडा स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी गतिविधीको कार्यान्वयन र समन्वय गर्न कार्यसमितिले निर्णय गरे बमोजिमको कम्तिमा ५०% महिला, दलित, लोपोन्मुख वा अल्पसंख्यकको जनजातिको प्रतिनिधित्व हुने गरि वडा स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति बनाउन सकिनेछ ।

(क) वडा अध्यक्ष – संयोजक

(ख) वडा सचिव – सदस्य सचिव

(ग) सबै वडा सदस्य -सदस्य

(घ) वडा स्तरको स्वास्थ्य संस्था प्रमुख -सदस्य

(ङ) महिला स्वास्थ्य स्वयम सेविकाहरु मध्येबाट १ जना सदस्य

(च) वडाको उच्चतम बिद्यालयको प्रधानाध्यापक- सदस्य

(छ) वडामा कार्यरत खानेपानी उपभोक्ता समितिहरु मध्येबाट १ जना महिला सहित दुई जना – सदस्य

(ज) वडा अध्यक्षले मनोनित गरेका खानेपानी तथा सरसफाइ क्षेत्रमा योगदान गर्न सक्ने कम्तिमा १ जना महिला सहित ३ जना- सदस्य

(झ) वडा स्तरीय बाल क्लव प्रमुख १ जना - सदस्य

११. <u>खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन</u> : ((१) सामुहिक लाभका लागि संस्थागत रूपमा खानेपानी तथा सरसफाइ सेवाको व्यवस्थापन गर्न चाहने व्यक्तिहरूले तोकिएबमोजिम कम्तिमा ५०% महिला, दलित, लोपोन्मुख वा अल्पसंख्यकको जनजातिको प्रतिनिधित्व हुने गरि खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपभोक्ता संस्था गठन गर्दा एक घर परिवारबाट एक सदस्य भन्दा वढी उक्त संस्थामा रहन पाउने छैन ।

१२. <u>उपभोक्ता संस्था सङ्गठित संस्था हुने</u> : (१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाको छुट्टै विधान हुनुपर्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(५) माथि जेसुकै लेखिएको भएतापनि सार्वजनिक सम्पति बेच्न भने पाइने छैन ।

(६) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नासिल उजूर लाग्न सक्नेछ ।

१३. <u>खानेपानी उपभोक्ता संस्थाहरुको मुख्य जिम्मेवारी :</u> उपभोक्ता संस्थाका मुख्य जिम्मेवारी देहायबमोजिम हुनेछ :-

(क) आफूले जिम्मा लिएको वा आफूलाई हस्तान्तरण भई आएका

आयोजनाको संचालन र कार्यान्वयन गर्ने,

(ख) आफूले सम्पन्न गरेको आयोजनाको संचालन र मर्मत सम्भारको व्यवस्था मिलाउने,

(ग) खानेपानीको गुणस्तर कायम राख्ने र निरन्तर प्रवाह वा आपुर्ति समेत सुनिश्चित गर्नका लागि जलस्रोतको संरक्षण, सुधार, पुर्नस्थापना र सुरक्षा गर्ने,

(घ) खानेपानीको स्रोतको संरक्षण र दिगो उपयोग, प्रदुषणको रोकथाम तथा नियन्त्रण र खानेपानीको स्रोत, मूल वा मुहानको जलग्रहण (क्याचमेन्ट) क्षेत्रको संरक्षण, सुधार र सुरक्षा सम्बन्धी व्यवस्था गर्ने,

(ङ) खानेपानी, सरसफाई तथा स्वच्छतासम्बन्धी संरचना निर्माण गर्दा वालवालिका र अपाङ्गता मैत्रीका साथै उपभोगकर्ता मैत्री संरचना निर्माण गर्ने,

(च) पानी सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयन र खेर गएको पानीको

वा अन्य पानीको बहु उपयोग सम्बन्धी व्यवस्था,

(छ) आयोजना सम्पन्न गर्न लाग्ने श्रमदान गर्ने,

(ज) आयोजनाको मर्मत सम्भार शुल्क बुझाउने,

(झ) आयोजनासम्पन्न गर्न, संचालन गर्न र आयोजनाको मर्मत संभार गर्न आवश्यक सहयोग गर्ने,

(ञ) आयोजनाको आम्दानी खर्चको हिसाव दुरुस्त राखी उपभोक्ता समूहहरुलाई जानकारी गराउने,

(ट) नियमित रुपमा कार्य प्रगति विवरण गर्ने,

(ठ) संरक्षण क्षेत्र अन्तर्गतका अन्य उपभोक्ता समितिसँग आवश्यक समन्वय राखी कार्य गर्ने,

(ड) बृक्षारोपण गर्ने वा गराउने,

(ढ) पहिरो तथा भू-क्षयको नियन्त्रण गर्न कार्यक्रम संचालन गर्ने,

१४. **<u>लैंगिक समानता, अपाङ्गता, सामाजिक समावेशीता तथा समन्याय कायम गर्ने</u>**: (१) दफा ११ बमोजिम उपभोक्ता समितिको कार्य समितिको कम्तिमा मुख्य २ पदमा महिलाको सहभागिता, संस्थाहरुको सदस्यतामा कम्तिमा ५० प्रतिशत लैङ्गिंक समानता

तथा सामाजिक समावेशी सिद्धान्तका आधारमा अपागंता भएका व्यक्ति, दलित , पिछडिएका वर्ग वा आदिवासी जनजाति, सीमान्तकृत समुदाय, विपन्न वर्ग समुदाय र युवा समुदायको सहभागिता सुनिश्चित हुनुपर्नेछ ।

(२) उपदफा (१) को व्यवस्थाले महिला वा सीमान्तकृत वर्गको मात्र पदाधिकारी तथा सदस्य भएको कार्य समिति बनाउनमा वा गठन गर्नमा रोक लगाएको मानिने छैन ।

## परिच्छेद ४

## दर्ता र अनुमति सम्बन्धी व्यवस्था

**१५. खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको दर्ता र नविकरण:** (१) दफा ११ बमोजिम गठन भएका उपभोक्ताहरू वा समुदायका सदस्यहरुले गाउँपालिकाको कुनै क्षेत्र वा वस्तीमा सामुदायिक हित र सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा, तथा बहुउपयोगी प्रणाली सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न गाउँपालिकाको कार्यालयमा वडा समितिको सिफारिस तथा कम्तिमा नब्बे प्रतिशत उपभोक्ताहरुको भेलाको उपस्थिति तथा निर्णय सहित खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको दर्ता गर्नका लागि लिखित निवेदन दिनु पर्नेछ ।

(२) यो ऐन लागु हुनुपूर्व प्रचलित कानुन बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी, सरसफाइ तथा स्वच्छता

उपभोक्ता संस्था, समूह, वा समिति मध्ये प्रचलित संघीय र प्रदेश कानुन बमोजिम गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, समूह वा समितिहरुले यो ऐन लागु भए पश्चात् गाउँपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाण-पत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक गर्नु वा हुनु पर्नेछ ।तर, यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नु पर्ने छैन।

(३) यस दफा बमोजिम दर्ता तथा सुचीकरण भएका उपभोक्ता संस्थाले गाउँपालिकामा तोकिएको ढाँचामा आर्थिक तथा प्रगति प्रतिवेदन सहित नविकरण गराउनु पर्नेछ ।

(४) उपभोक्ता संस्थाको गठन तथा परिचालन सम्बन्धी अन्य कार्यबिधि तोकिएबमोजिम हुनेछ ।

१६. <u>खानेपानीको स्रोत दर्ता गर्नु पर्ने :</u> (१) प्राकृतिक रुपमा खानेपानी निसृत हुने क्षेत्र र पानीको स्रोत वा खानेपानीको स्रोत, मूल वा मुहानबाट संकलन गरी खानेपानी व्यवस्थापन गर्न चाहने उपभोक्ता संस्थाले तोकिएको प्रक्रिया बमोजिम गाउँपालिकामा खानेपानीको मूल वा मुहान दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुहान दर्ता सम्बन्धमा कुनै विवाद सृजना भएमा सो सम्बन्धी स्थानीय समुदायको परामर्श लिई सम्बन्धित वडा समितिले विवाद समाधानका लागि सहजीकरण गर्नेछ ।

(३) मुहानको स्वमित्व सम्बन्धी विवाद संघीय कानुन बमोजिम हुनेछ ।

१७. **अनुमतिपत्र लिनु पर्ने :** (१) गाउँपालिकाको कुनै क्षेत्रमा कुनै निजि क्षेत्र (कम्पनी वा उद्योग) जस्ता व्यवसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा गाउँपालिकाको कार्यपालिकाबाट तोकिएबमोजिम अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले साना आयोजनाको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न , आफ्नो जग्गामा रहेको पानीको श्रोतको घरेलु उपयोगका लागि खानेपानी प्रयोग गर्न , र उपभोक्ता संस्थाद्वारा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।

१८. **अनुमतिपत्र खारेज गर्न सकिने** (१) गाउँपालिकाले दफा १७ बमोजिम अनुमति प्राप्त संस्थाको सेवा सम्बन्धमा आवश्यक निर्देशन तथा आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन पालना नगरे वा तोकिएको कार्य सम्पादन मानकको मुल्यांकनका आधारमा व्यवस्थापकीय तथा सेवा संचालन गर्न अनुपयुक्त देखिएमा कार्यपालिकाले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

१९ **<u>गाउँपालिकालाई जानकारी दिने</u>** : यस परिच्छेदको प्रयोजनका लागि संघीय तथा प्रदेश सरकारको कुनै निकायमा दर्ता तथा अनुमति प्राप्त संस्थाले सोको व्यहोरा जनाई तोकिए बमोजिम गाउँपालिका समक्ष जानकारी दिनु पर्नेछ ।

## परिच्छेद ५

## <u>खानेपानी सेवाको व्यवस्थापन</u>

२०. **<u>खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापन:</u>** (१) गाउँपालिकाले खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापन गर्दा आफै वा आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था मार्फत गर्नु गराउनु पर्नेछ ।

(२) गाउँपालिकाले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना कार्यान्वयन गर्दा आयोजना स्थलका महत्वपुर्ण सार्वजिनक स्थल र कार्यालय एक घर एक धारा प्रणाली अवलम्बन गरिनेछ ।

(३) उपदफा (१) बमोजिम खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापनका लागि उपभोक्ता संस्थालाई प्राथमिकता दिइनेछ ।

२१. **<u>खानेपानी आयोजना र संरचनाको हस्तान्तरण :</u>** (१) गाउँपालिकाको क्षेत्राधिकार, दायित्व वा जिम्मेवारी भित्र कुनै पनि नियकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना गाउँपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ ।

(२) व्यवसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधि सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि गाउँपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिकामा हस्तान्तरण भएका आयोजनाहरु दफा २० बमोजिम संचालन र व्यवस्थापन गरिनेछ ।

२२. **<u>नीजि तथा सार्वजनिक जग्गामा पाईप लाईन तथा संरचनाको निर्माण</u> :** (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई खानेपानी सेवा उपलव्ध गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले कुनै व्याक्तिको निजी जग्गामा पाईप बिच्छ्याउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग लिखित मन्जुरिनामा लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गर्नको लागि गाउँपालिका समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा, आयोजना वा सेवा

प्रणाली निर्माण तथा सञ्चालनका लागि विच्छ्याएको पाईप वा निर्माण गरेको संरचनाका कारण कसैको निजी सम्पत्ति हानी नोक्सानी हुन गएमा त्यस्तो संस्थाले सोको उचित मुआब्जा र क्षतिपूर्ति दिनु पर्नेछ ।

(५) जग्गा प्राप्ति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

२३. **खानेपानी तथा सरसफाइ महसुल निर्धारण** : (१) अनुमति प्राप्त संस्थाले उपलब्ध गराउने खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहद हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, गाउँपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हक सम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) अनुमति प्राप्त संस्थाले यस दफा बमोजिम निर्धारण गरिएको महसुल गाउँपालिकाबाट तोकिएबमोजिम स्वीकृत गराउनु पर्नेछ ।

२४. **सदस्यता शूल्क तथा सेवा शूल्क निर्धारण गर्दा ध्यान दिनु पर्ने**
(१) उपभोक्ता संस्थाको

सदस्यता शूल्क निर्धारण गर्दा उपभोक्ता संस्थाका एकल महिला, अपाङ्गता भएका व्यक्ति,

दलित, आदिबासी जनजाति तथा विपन्न घरधुरी सदस्यले समेत बेहोर्न सक्ने मनासीव रकम तोक्नु पर्नेछ ।

२५. **मिनाहा वा छुट दिन सक्ने** : प्रकोप वा अन्य कुनै विषम परिस्थितीका कारण कुनै खास क्षेत्र लगायत डुबान क्षेत्रका उपभोक्ता, एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, गरिव तथा विपन्न परिवार वा सिमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले घटाउन वा मिनाहा गर्न सक्नेछ ।

२६. **मर्मत संभार कार्यकर्ताको व्यवस्था** : (१) हरेक अनुमति प्राप्त संस्थाले आयोजनाको नियमित मर्मत सम्भारका लागि कम्तीमा एक वा दुई जना मर्मत सम्भार कार्यक्रताको व्यवस्थापन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका मर्मत सम्भार कार्यक्रर्ताको तोकिए बमोजिम क्षमता विकास गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका मर्मत सम्भार कार्यक्रताको आवश्यक क्षमता विकास गरी गाउँपालिकाले तोकिएबमोजिम मर्मत सम्भार कार्यक्रर्ता सुचीकरण प्रमाणपत्र दिनेछ ।

## परिच्छेद ६

## गुणस्तर र मापदण्ड

२७. **गुणस्तर मापदण्ड तोक्न सक्ने** : (१) खानेपानीको गुणस्तर र मापदण्ड तथा सरसफाइ सेवाको सम्बन्धमा प्रदेश सरकारले तोकेको गुणस्तर तथा मापदण्डको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(२) तर प्रदेश सरकारले गुणस्तर र मापदण्ड नतोकेसम्म खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर र मापदण्ड नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(३) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तर भन्दा प्रतिकुल नहुने गरी स्थानिय तहले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

(३) उपभोक्ता संस्था र अनुमति पत्र प्राप्त संस्थाले उपदफा (१) र (२) बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ ।

(४) खानेपानीको गुणस्तर सुधारका लागि सेवा प्रदायक संस्थाले देहायका क्रियालापहरु संचालन गर्नु पर्नेछ ।

(क) खानेपानी सुरक्षा योजना लागु गर्ने

(ख) पानी प्रशोधन प्रणालीको विकास

(ग) पानी परिक्षणको व्यवस्था

(घ) पानीको घरायसी प्रशोधनक विधिहरुको बारेमा सचेतना सम्बन्धित क्रियाकलाप गर्ने

(ङ) श्रोत संरक्षण, पानीको बहुउपयोगको व्यवस्था

(च) NWASH मा तथ्यांकहरु प्रवेशिकरण र अधाबाधिक गर्ने

२८. **गुणस्तर कायम गर्नु पर्ने**: (१) उपभोक्ता संस्था र अनुमति-पत्र प्राप्त संस्थाले दफा २७ बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ ।

(२) अनुमति प्राप्त संस्थाले पानीको गुणस्तर कायम राख्न आवश्यकता अनुसार तोकिएका एक वा एक भन्दा बढि प्रबिधिहरु अवलम्बन गरी प्रशोधन गर्नु पर्नेछ ।

(३) गाउँपालिकाले दफा २७ बमोजिम गुणस्तर कायम भए नभएको जाँच गर्न आफै प्रयोगशाला स्थापना गरी वा अन्य तरिकाले गुणस्तर परिक्षणको व्यवस्था गर्नु पर्नेछ ।

(४) उपभोक्ता संस्था र अनुमति-पत्र प्राप्त संस्थाले तोकिएबमोजिम पानी सुरक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(५) गाउँपालिका, उपभोक्ता संस्था र अनुमति-पत्र प्राप्त संस्थाले पानीको गुणस्तर कायम गर्न समुदाय तहमा पानी सुद्धिकरणका घरेलु बिधि सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्नु पर्नेछ ।

## परिच्छेद ७

## सरसफाइ स्वच्छता तथा पूर्ण सरसफाई

२९. **<u>खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्ने</u>** : (१) स्थानिय तहले संघ र प्रदेश सरकारको समन्वयमा र सहयोग लिइ खानेपानी, सरसफाइ तथा स्वच्छता कार्य सुव्यवस्थित तवरले गर्नका लागि योजना तर्जुमा गर्न सक्नेछ ।

(२) स्थानिय तहले उपदफा (१) बमोजिम सरसफाइ योजना तर्जुमा गर्दा सहभागितामुलक रुपमा तयार गर्नेछ ।

(३) स्थानिय तहले उपदफा (१) बमोजिम तर्जुमा गर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता योजनामा समावेश गर्नु पर्ने बिषयवस्तु तोकिए बमोजिम हुनेछ ।

३०. **<u>फोहरमैला व्यवस्थापन गर्ने दायित्व</u>** :(१) गाउँपालिका क्षेत्रको फोहरमैलाफोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैलाफोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी

रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरि दिन गाउँपालिकालाई अनुरोध गरेमा वा गाउँपालिकाकाले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा गाउँपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरि दिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको फोहरमैला व्यवस्थापनका लागि गाउँपालिकाले छुट्टै कार्यबिधि बनाई कार्यान्वयन गर्नेछ ।

३१. **<u>फोहरमैलाको उत्पादन कम गर्नेः</u>** (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैलाको पुनः प्रयोग, पुनः चक्रीय प्रयोग, स्रोतदेखि नै फोहरमैलाको परिमाणलाई घटाउने र कुहिने फोहरमैलाको कम्पोष्ट मल बनाउने जस्ता उपाय अवलम्बन गरी फोहरमैला यथाशक्य कम उत्पन्न गर्नु पर्नेछ ।

(२) आफ्नो निजी घर कम्पाउण्ड, कार्यालय, पसल, उद्योग, कलकारखाना कम्पाउण्ड वा परिसर भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैलामात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

३२. **<u>फोहरमैला सङ्कलन केन्द्र तोक्ने :</u>** (१) गाउँपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्येक टोल वा

वस्तीमा सङ्कलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नेछ ।

(३) उपदफा (१) बमोजिमको सङ्कलन केन्द्रमा फोहरमैला निष्काशन र सङ्कलन गर्ने समय र तरिका गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३३. **फोहरमैलाको ढुवानी :** (१) संकलन केन्द्रमा जम्मा भएको फोहरमैलालाई स्थानान्तरण केन्द्र वा फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व गाउँपालिका वा गाउँपालिकाले व्यवस्था गरेको संस्था वा निकायको हुनेछ ।

(२) फोहरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ । ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहरमैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ ।

(३) फोहरमैला ढुवानीसम्बन्धी कार्यविधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३४. **मानव मलमूत्रीय फोहर व्यवस्थापन गर्ने दायित्व** : (१) यस ऐन बमोजिम मानव मलमूत्रीय फोहर व्यवस्थापन गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २९ बमोजिम नयाँ भवन निर्माण गर्दा नक्सामा अन्य

कुराहरुको अतिरिक्त सो भवनको छुट्टै चर्पी, सोकपिट रहने गरी नक्सामा खुलाउनुपर्ने छ ।

(३) गाउँपालिकाले पिट र सेप्टिक ट्यांकी जस्ता संकलन ट्यांकीबाट दिसाजन्य लेदो खाली गर्न, सेप्टिक सङ्कलन वा ढुवानीसम्बन्धी सेवा व्यवसायिक वा व्यापारिक रुपमा प्रदान गर्न निजि क्षेत्रको सेवा प्रदायकलाई अनुमति प्रदान गर्न सक्नेछ वा गाउँपालिकाका र निजी क्षेत्रका सेवा प्रदायक मिलेर संयुक्त रुपमा वा निजी क्षेत्रका सेवा प्रदायक र उपभोक्ता संस्था मिलेर संयुक्त रुपमा सेवा सञ्चालित गर्न सक्नेछ ।

(४) अनुमति प्राप्त सेवा प्रदायकले सङ्कलित दिसाजन्य लेदोलाई गाउँपालिकाकाद्वारा तोकिएको स्थानमा वा प्रशोधन केन्द्रमा लगेर सुरक्षित रुपमा विसर्जन गर्नु पर्नेछ ।

(५) कसैले पनि अनधिकृत रुपमा पानीको स्रोत र बस्ति जस्ता क्षेत्रमा मानव मलमुत्रीय फोहर विसजर्न गर्न हुँदैन ।

(६) उपदफा (१) बमोजिमको अनुमति प्रदान गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३५. **ढल निकास सेवा सञ्चालन** : यस ऐन बमोजिम खानेपानी सेवा प्रदान गर्दा निष्किएको फोहर पानीको व्यवस्थापनका लागि गाउँपालिका र अनुमति-पत्र प्राप्त संस्थाले ढल निकासको व्यवस्थापन गर्नु पर्नेछ ।

३६. **<u>सरसफाइ कार्यकर्ता र सुरक्षा सम्बन्धी व्यवस्था</u>**: (१) गाउँपालिकाले गाउँ क्षेत्रको फोहरमैला व्यवस्थापनका लागि सरसफाइ कार्यकर्ता परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सरसफाइ कार्यकर्ता परिचालन गर्दा गाउँपालिका वा सम्बन्धित व्यक्ति तथा संस्थाले न्यूनतम् स्वास्थ्य सुरक्षा सामाग्री उपलब्ध गराउनेछ ।

**<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनका लागि न्युनतम् सुरक्षा सामग्री भन्नाले पञ्जा, मास्क, जुत्ता, एप्रोन, सुरक्षा बेल्ट, हेल्मेट ,चस्मा आदिलाई जनाउनेछ ।

(३) उपदफा (१) बमोजिमका सरसफाइ कार्यकर्ताको आवश्यक क्षमता विकास गरी गाउँपालिकाले सरसफाइ कार्यकर्ताको सुचीकरण प्रमाणपत्र दिनेछ ।

३७. **<u>शौचालय बनाउनु पर्ने</u>** : (१) गाउँपालिका क्षेत्रका सबै घर परिवार, सार्वजनिक सेवा प्रदायक कार्यालय, बिद्यालय, व्यवसाय संचालकले अनिवार्य सुरक्षित शौचालय बनाउनु पर्नेछ ।

(२) गाउँपालिकाले शौचालयको पहुँच र गुणस्तर सुनिश्चित गर्न शौचालय सम्बन्धी मापदण्ड बनाई लागु गर्नेछ ।

(३) मेला तथा हाट बजार लाग्ने स्थलमा सोको व्यवस्थापन गर्ने निकायले सुरक्षित शौचालयको व्यवस्था गर्नु पर्नेछ ।

(४) गाउँपालिकाले कार्यालय तथा बिद्यालयको शौचालय र सार्वजनिक शौचालयको संचालन तथा व्यवस्थापनको मापदण्ड र कार्यबिधि बनाई लागु गर्नेछ ।

(५) उपदफा (४) बमोजिम स्थानीय तहले सार्वजनिक शौचालय निर्माण गर्दा लैङ्गिक, बालबालिका, जेष्ठ नागरिक तथा शारीरिक रुपले असक्षम भएका व्यक्तिहरूले समेत प्रयोग गर्न सक्ने गरी प्रयोगकर्ता मैत्री निर्माण गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम घरायसी शौचालय निर्माण गर्न नसक्ने विपन्न परिवारका लागि गाउँपालिकाले अनुदानको व्यवस्था गर्न सक्नेछ ।

(७) सार्वजनिक शौचालयको मर्मतसम्भार जिम्मा स्थानिय तहको हुनेछ ।

३८. **महिनावारी स्वच्छता कायम गर्ने :** (१) महिनावारी भएको अवस्थामा प्रत्येक घरपरिवारले सुरक्षित आवास र सरसफाइ तथा स्वच्छतामा पहुँचको सुनिश्चित गर्नु पर्नेछ ।

(२) हरेक संस्थागत शौचालयमा अनिवार्य सेनिटरी प्याड विसर्जन ट्यांकी सहितको महिलाका लागि छुट्टै शौचालयको व्यवस्थापन गर्नु पर्नेछ ।

(३) बिद्यालय समयमा छात्रा तथा महिला शिक्षकको लागि नि: शुल्क सेनिटरी प्याडको व्यवस्था गर्नु पर्नेछ ।

३९. **पूर्ण सरसफाई अभियान :** (१) स्थानीय तहले घरायसी, विद्यालय, समुदाय र संस्थागत तहमा पूर्ण सरसफाइ अभियान अघि बढाउन सक्नेछ ।

(२) स्थानीय तहले पूर्ण सरसफाई घोषणा कार्यबिधि बनाइ लागु गर्नु पर्नेछ ।

## परिच्छेद ८

## कोष सम्बन्धी व्यवस्था

४०. **खानेपानी सरसफाइ तथा स्वच्छता कोष** : (१) खानेपानी, सरसफाइ तथा स्वच्छताको व्यवस्थापनका लागि गाउँपालिका स्तरमा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्: -

(क) नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाली नागरिक, व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(घ) अनुमति प्राप्त संस्थाबाट तोकिएबमोजिम प्राप्त हुने रकम,

(ङ) यस ऐनको उल्लंघन भएको दण्ड जरिवाना वापत प्राप्त रकम, र

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(५) कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

४१. **<u>मर्मत संभार कोषको व्यवस्थापन</u>** : (१) हरेक उपभोक्ता संस्थाले आयोजनाको दिगो व्यवस्थापनका लागि एक मर्मत संम्भार कोषको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था सम्बन्धित उपभोक्ता संस्थाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ९

## <u>कसूर तथा सजाय</u>

४२. **<u>कसूर र सजाय</u>** : (१) कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गत कसूर गरेको मानिनेछ ।

(क) यस ऐनले अनुमति लिनु पर्ने भनी निर्धारण गरेका कार्य बिना अनुमति गर्ने

(ख) खानेपानी सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धी कुनै संरचनामा क्षति पुर्याएमा

(ग) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ

(क) उपदफा (१) (क) बमोजिमको कसूर गरेमा रु ५००० जरिवाना गरी अनुमति लिन आदेश गरिनेछ ।

(ख) उपदफा (१) (ख) र (ग) बमोजिमको कसूर गरेमा क्षति बराबरको क्षतिपुर्ति सहित रु ५००० देखि १०००० सम्म जरिवाना गरिनेछ ।

४३. <u>प्रचलित कानुन बमोजिम सजाय हुने</u>: संघीय खानेपानी तथा सरसफाइ ऐन २०७९ को दफा ४२, फोहरमैला व्यवस्थापन ऐन २०६८ दफा ३८ र प्रचलित संघीय कानुनले कसुरको

रुपमा निर्धारण गरेका कसुर गरेमा सोहि कानुन बमोजिम सजाय हुनेछ ।

४४. **क्षतिपुर्ति भराई दिन सक्ने** : कसैले खानेपानी वा सरसफाइ आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि प्रकारले हानी नोक्सानी वा क्षति पुर्याएमा मुद्दा हेर्ने अधिकारीले उचित रकम क्षतिपुर्ति बापत भराई दिन सक्नेछ ।

४५. **अनुसन्धान अधिकारीः** यस ऐन अन्तर्गत कुनै कसूर भएको उजुरी प्राप्त भएमा गाउँपालिकाले कुनै अधिकृत स्तरको कर्मचारीलाई अनुसन्धान अधिकारीको रुपमा तोकी अनुसन्धान गराउन सक्नेछ ।

४६. **कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी** : यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

४७. **पुनरावेदन दिन सकिने** : दफा ४२ अनुसार गरेको जरिवानाको आदेश उपर चित्त नबुझ्ने व्यक्ति, वा संघ संस्थाले त्यस्तो आदेश भएको मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-१०

## विविध

४८. **खानेपानी तथा सरसफाइ सेवाको अनुगमन तथा नियमन** : (१) गाउँपालिकाले खानेपानी सरसफाइ तथा स्वच्छता सेवाको

अनुगमन तथा नियमन गर्न अनुगमन टोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको टोलीले दिएको निर्देशन सम्बन्धित अनुमति प्राप्त संस्थाले पालना गर्नुपर्नेछ ।

४९. **पारिस्थितिकिय सेवा वापतको भुक्तानी सम्बन्धी व्यवस्था गर्न सक्ने** : (१) गाउँपालिकाले पारिस्थितिकीय सेवाको व्यवस्थापन र उपयोग वापतको भुक्तानी सम्बन्धी नीति, आयोजना, परियोजना तथा स्कीमको तर्जुमा तथा कार्यान्वयन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पारिस्थितिकिय सेवाको व्यवस्थापन वा वापतको भुक्तानी सम्बन्धी नीति, आयोजना, परियोजना तथा स्कीमको तर्जुमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि **"पारिस्थितिकीय सेवा"** भन्नाले कुनै वातावरणमा रहने समुदाय (बोट बिरुवा, जीव जन्तु, जलस्रोत, सुक्ष्मदर्शी जीवहरु) र वातावरण बीचको अन्तर्सम्बन्ध अर्थात एक अर्काबाट प्राप्त हुने सेवा वा लाभ प्रणालीलाई सम्झनु पर्दछ ।

५०. **भूमिगत पानीको उपयोग र संरक्षण गर्ने** : गाउँपालिकाले नेपाल सरकारले बनाएको भूमिगत पानीको उपयोग र संरक्षण सम्बन्धी मापदण्डको अधिनमा रहि भूमिगत पानीको उपयोग र संरक्षण सम्बन्धी मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

५१. **पुरस्कार सम्बन्धी व्यवस्था** : खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

५२. **निर्देशन दिन सक्ने** : गाउँपालिकाले उपभोक्ता संस्था, अनुमति-पत्र प्राप्त संस्था वा सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी, तथा सरसफाइ र स्वच्छता सम्बन्धी आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

५३. **अधिकार प्रत्यायोजन** : गाउँपालिकाको प्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपप्रमुख वा कुनै सदस्य वा प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छन् ।

५४. **नियम बनाउन सक्ने** : गाउँपालिकाले यस ऐनको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरु बनाउन सक्नेछ ।

५५. **निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकुल नहुने गरी नगर कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मार्गदर्शन बनाई लागू गर्न सक्नेछ ।

५६. **बचाउ** : यस ऐनको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन वमोजिम भएको मानिनेछ ।

**५७.** **<u>विशेषाधिकार</u>** : यस ऐनमा भएका दफाहरूको संशोधन गर्ने, स्पष्ट पार्ने तथा व्याख्या गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा रहनेछ ।

**५८.** **<u>ऐनको कार्यान्वयन तथा पालना</u>** : गाउँसभाका सबै जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता संस्था तथा सम्बद्ध सबैले यो ऐनको पूर्ण पालना गर्नु सबैको कर्तव्य हुनेछ।

प्रमाणीकरण मिति २०८१।....।........

<u>आज्ञाले</u>

प्रकाश बहादुर शाही

नि प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१।....।........